प्रतिदिन १८ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं ।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं ।
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं ।
- भूकम्पको सम्भावित जोखिमबाट
- बचौं र बचाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१८ ।। अङ्क : ००५ ॥ २०८२ माघ २१ गते बुधबार (4rd Feb 2026 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# निर्वाचन सुरक्षाका लागि आजदेखि सेना परिचालन

काठमाडौँ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण बनाउन एकीकृत सुरक्षा योजना २०८२ अनुरूप आजदेखि नेपाली सेनाका संयोजनमा चारवटै सुरक्षा निकाय परिचालित हुँदैछन् ।

निर्वाचनको समयमा शान्ति सुरक्षालाई सुदृढ तुल्याउन सरकार यसअघि नै प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

निर्वाचन आउन एक महिना मात्र बाँकी रहँदा सुरक्षा



प्रबन्धलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने योजनाअनुरूप आगामी फागुन २१ गते हुने निर्वाचनलाई दृष्टिगत गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग एकीकृतरूमपा परिचालित हुन लागेका हुन् ।

एकीकृत सुरक्षा योजनाबमोजिम निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका 'निर्वाचन प्रहरी' पनि निर्वाचन सुरक्षामा खटिइनेछन् । नेपाल प्रहरी र निर्वाचन प्रहरीले मतदानस्थलको भित्री घेराको सुरक्षा गर्नेछन् । दोस्रो तहको सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरी बलले लिनेछ । सो बलले नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गर्नेछ ।

नेपाली सेनाले भने सुरक्षा घेराको बाहिरी तहमा रही सुरक्षाको महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्ने छ । निर्वाचन प्रयोजनका लागि नेपाली सेना १६५ वटै निर्वाचन क्षेत्रमा बुधबारदेखि परिचालित हुने सेनाले जनाएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले गत मंसिर ११ गते प्रधानमन्त्रीको सिफारिस तथा मन्त्रिपरिषद्को निर्णयानुसार निर्वाचन सुरक्षा व्यवस्थाका लागि नेपाली सेना परिचालन गर्ने स्वीकृति प्रदान गर्नुभएको थियो । निर्वाचन सुरक्षालाई केन्द्रित गरी आवश्यकताअनुसार सेनाको 'वेस' खडा हुने र आवश्यकताका आधारमा संयुक्त गस्ती हुने सेनाका प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले जानकारी दिए ।

सेनाले निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ । सैनिक प्रवक्ता बस्नेतले निर्वाचनका सन्दर्भमा एकीकृत सुरक्षा योजना २०८२ अनुमोदन भई राष्ट्रपतिबाट स्वीकृत भइसकेकाले सोहीअनुसार फौज परिचालन हुने जानकारी दिए ।

एकीकृत सुरक्षा योजनाले मार्ग निर्देशन गरेअनुरूप निर्वाचनको एक महिना अघिबाट फिल्डमा सेना परिचालन हुन लागेको हो । निर्वाचनका सिलसिलामा सेनाले तीन चरणमा काम सुरक्षा प्रदान गर्नेछ । निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ, मतपत्र ढुवानी, मतदानस्थलको सुरक्षा, मतपेटिका ढुवानी र मतगणनास्थको सुरक्षासम्मको जिम्मेवारी सेनाले सम्हाल्नेछ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागारलगायत महत्त्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ ।

मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउनेछ ।

आसन्न निर्वाचनमा तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । निर्वाचन आयोगले यही माघ ४ गतेदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ । यसपटकका निर्वाचनका लागि ९२ लाख ४० हजार १३१ महिला, ९६ लाख ६३ हजार ३५८ पुरुष र २०० अन्य गरी कूल एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम रहेका छन् ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । त्यस्तै नेपाल प्रहरीका तर्फबाट निर्वाचनमा ७७ हजार जनशक्ति परिचालित हुनेछन् । नेपाल प्रहरीको विद्यमान जनशक्तिले मात्रै निर्वाचन व्यवस्थापनमा अपुग हुने भएकाले एक लाख ३३ हजार 'निर्वाचन प्रहरी' भर्ना गरिएको छ । निर्वाचन क्षेत्रलाई अतिसंवेदनशील, संवेदनशील र सामान्यरूपमा वर्गीकरण गरी सोही अनुसार सुरक्षा प्रबन्ध मिलाइएको छ ।

❖ बाँकी पृष्ठ ४ मा

# ब्राउन सुगरसहित तीन कारोबारी पक्राउ

झापा, माघ २० । भद्रपुर विमानस्थलमा ठूलो परिमाणमा लागूऔषधसहित एक युवती पक्राउ परेकी छन् । सोमवार साँझ ५:३५बजे यति एयरलाइन्सको फ्लाईट नं. ९२६ बाट भद्रपुरबाट काठमाण्डौ जान लागेकी एक युवती ब्राउन सुगरसहित पक्राउ परेकी हुन् ।

बिमानस्थल सुरक्षा गार्डको टोलीले शरीर सर्च गर्ने क्रममा हुम्ला खार्पुनाथ गाउँपालिका २घर भई हाल देश भारत कोलकाताको स्वंव जापानिज रेष्टुरेन्टमा विगत २ वर्षदेखि वेटरको काम गर्दै आएकी २६ वर्षीया रोशनी बुढाको सुरुवालको दुईवटै गोजीमा २ वटा प्लाष्टिकको पोकामा प्लाष्टिकबाहेक १४४.४०० ग्राम ब्राउन सुगर बरामद भएको थियो ।



उनलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि जिल्ला प्रहरी कार्यालय झापामा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसैबीच भद्रपुर विमानस्थलमा ती युवतीसंगै काठमाडौमा थप दुई लागूऔषध कारोवारी पक्राउ परेका छन् ।

पक्राउ परेकी युवतीको बयानको आधारमा सिन्धुपाल्चोक पाँचपोखरी गाउँपालिका वडा नं ६ वस्ने ३० वर्षीय सन्तोष बञ्जारा र रामेछाप दोरम्बा गाउँपालिका वडा नंः-५ गुन्साल वस्ने २१ वर्षीय थोर्मस तामाङलाई बुढानिलकण्ठ नगरपालिका वडा नंः ६ खड्का भद्रकालीबाट लागूऔषध नियन्त्रण ब्युरो काठमाडौको प्रहरी टोलीले नियन्त्रणमा लिएको हो । प्रारम्भिक सोधपुछका क्रममा भद्रपुर विमानस्थलमा पक्राउ परेकी रोशनी बुढाले अन्य कारोवारीहरूसमेत काठमाडौमा रहेको बताएकी थिइन् ।

# मतदाताको गुनासो–चुनाव जितेर गएपछि नेता गाउँ फर्किदैनन्

**• लक्ष्मी उप्रेती**

मेचीनगर । निर्वाचन आउन महिनौं दिनदेखि दैनिकजसो गाउँ पसेका उम्मेद्वार चुनाव जितेपछि गाउँघरतिर फर्केर नआउने परिपाटीको अन्त्य गर्न मतदाताले आग्रह गरेका छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र स्वतन्त्र उम्मेद्वारहरुले मनोनयन दर्ता गरेपछि मतदातालाई आफ्नो पक्षमा पार्न विभिन्न वहानामा गाउँ पस्न थालिसकेका छन् । गाउँ पसेका प्रत्येक उम्मेद्वारलाई अहिले मतदाताहरुले लगाउने एउटै आरोप छ–'चुनाव जितेर गएपछि नेताहरू गाउँ नै फर्केर आउँदैनन्, गाउँको विकास बिर्सन्छन् । '

फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दल र स्वतन्त्र उम्मेद्वारहरुले आफ्नो उम्मेद्वारी मनोनयन गरेलगत्तै गाउँ पस्न थालिसकेका छन् । 'चुनावका बखत गाउँगाउँ छिर्ने विभिन्न दलका मात्र होइन, स्वतन्त्र उम्मेद्वार समेत चुनाव जितिसकेपछि गाउँ फर्किदैनन्' झापा मेचीनगर –१२ का बुद्धराम तिम्सिनाले भने,'अनि मतदाताले चुनावका बखत उठाएका मुद्धा, निर्वाचनपछि ओझेलमा पर्छन् ।'

यसअघिका उम्मेदवारहरूले जिल्लामा देखापरेका नागरिकको समस्याहरू समाधान गर्न विभिन्न आश्वासनहरू बाँडेर निर्वाचन जितेपछि थुप्रै उम्मेद्वार गाउँ नफर्की उनीहरुको कार्यकाल समाप्त भएको झापा बुद्धशान्तिका केशव थापाको आरोप छ । 'चुनावका बखत भोट माग्न विशेषगरी सबै उम्मेदवार हरूले शिक्षा, स्वास्थ्य, रोजगारी,

❖ बाँकी पृष्ठ ४ मा

# मेचीनगरको होटल मेची क्राउनमा एक ग्राहकको मृत्यु

झापा, माघ २० । मेचीनगरको होटल मेची क्राउनमा बसेका एक ग्राहकको मृत्यु भएको छ ।

सोमवार बिहान ३ बजे मेचीनगर ८ स्थित होटल मेची क्राउनमा बसेका एक भारतीय ग्राहक अस्वस्थ बनेका थिए । भारत उत्तर दिनाजपुर वेष्ट बंगाल बस्ने ५६वर्षीय माफिजुद्धिन सरकार र उनकी श्रीमती ४६ वर्षीया डिलोरा बीबी होटल मेची क्राउनमा बसेका थिए ।

माफिजुद्धिन सरकारको स्वास्थ्यमा अचानक समस्या आएपछि उपचारको लागि उनकी श्रीमतीले सोमवार बिहान ११बजे शिखर अस्पताल धुलाबारीमा लिएर गएकी थिइन् । त्यहाँ उपचार हुन नसकी थप उपचारको लागि बीएण्डसी अस्पताल पुऱ्याउँदा उनको मृत्यु भइसकेको थियो । थप कानुनी प्रकृया पुरा गरी शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ ।घटना सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बिर्तामोडका कार्की ,मैनाली र दाहाल रास्वपामा प्रवेश





झापा, माघ २० । बिर्तामोडका तीन युवा नेता बलराम कार्की , अर्जुन मैनाली र राम दाहाल राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् ।

नेपाली कांग्रेसका जिल्ला सदस्य तथा बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कार्कीले सामाजिक संजालमा माघ २० गतेदेखि नेपाली कांग्रेसको जिल्ला सदस्यसहित साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएको जानकारी दिएका छन् । त्यस्तै नेकपा एमालेका युवा नेता तथा बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान महासचिवसमेत रहेका अर्जुन मैनालीले पनि एमाले पार्टी परित्याग गर्दै रास्वपामा प्रवेश गरेका छन् । मैनालीले मंगलवार सामाजिक सञ्जालमार्फत रास्वपा नेता बालेन शाह तथा स्थानीय रास्वपा नेताहरूसँगको फोटो सार्वजनिक गर्दै एमाले परित्याग गरेको घोषणा गरेका हुन्।

उनले सार्वजनिक गरेको वक्तव्यमा मंगलवारदेखि एमाले परित्याग गरेको उल्लेख गरेका छन्। एमालेमा रहँदा सहयोग गर्ने आदरणीय नेतागण, सहयात्री साथीहरू तथा शुभचिन्तकहरूप्रति आभार व्यक्त गर्दै माघ २० गतेदेखि आफू रास्वपा पार्टीमा आबद्ध भएको जानकारी गराएका छन्।


त्यस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चर्चा कमाएका शारीरिक सुगठनका प्रशिक्षक झापा बिर्तामोडका राम दाहाल राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध भएका छन्। बडी ग्यारेज जीम हाउसका संचालक दाहालले आफू परिवर्तनको पक्षमा रहेको बताउँदै युवाहरुको ढुकढुकी बालेन शाहलाई देशको प्रधानमन्त्री बनाउनको निमित्त राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध भएको बताएका छन्। उनी यसअघि नेकपा एमालेमा रहेका थिए ।

कांग्रेसबाट कार्की तथा एमालेबाट मैनाली र दाहालको रास्वपा प्रवेशलाई झापा क्षेत्र नं २ को राजनीतिक वृत्तमा अर्थपूर्ण रूपमा हेरिएको छ। पछिल्लो समय युवाहरूको बढ्दो आकर्षण रास्वपातर्फ देखिँदै गएको सन्दर्भमा यो घटनाले स्थानीय राजनीतिमा नयाँ तरंग ल्याउने अनुमान गरिएको छ। मैनालीसंगै एमालेका अध्यक्ष केपी शर्मा ओलीको साथ छाड्नेको लर्को लाग्न थालेको छ । सोमवार भद्रपुरमा विभिन्न पार्टी परित्याग गरि १५० जना रास्वपामा प्रवेश गरेका थिए ।

# गोल्डकपको उद्घाटनमा डोमालालको सालिक अनावरण गरिने

झापा, माघ २० । सातौं झापा गोल्डकपको उद्घाटनका दिन जग्गादाता डोमालाल राजवंशीको सालिक अनावरण गरिने भएको छ ।

करिव दुई वर्षदेखि गोल्डकपको सचिवालयमा अलपत्र परेको डोमालाल राजवंशीको अर्धकदको सालिकलाई यही माघ २४ गते गोल्डकपको उद्घाटनका दिन डोमालाल राजवंशी रंगशालामा अनावरण गरिने भएको हो ।गोल्डकपका तत्कालीन अध्यक्ष स्वर्गीय विनोद बस्नेतले सो सालिक भारतबाट निर्माण गरेर ल्याएका थिए । बस्नेतको निधनपछि डोमालालको सालिक स्थापित गर्ने र असहाय विपन्न डोमालालकी छोरी सम्पत्ति राजवंशीको घर बनाइदिने योजना अलपत्र परेको थियो । जसलाई लिएर राजवंशी समुदायले गुनासो गर्दै आएका थिए ।



सोही विषयलाई लिएर मंगलवार गोल्डकपका अध्यक्ष केदार गिरी , वरिष्ठ उपाध्यक्ष गजेन्द्रबहादुर पौडेल , प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशी , राजवंशी समाज विकास समिति बिर्तामोडका अध्यक्ष सुमन राजवंशी , मोरङका जिल्ला सचिव रुपेश राजवंशी,राजवंशी विकास प्रतिष्ठानका सचिव झलकसिंह राजवंशीबीच छलफल भएको थियो । छलफलमा जग्गा विवादका कारण डोमालाल राजवंशी रंगशाला सार्नुपर्ने अबस्था रहेकोले तत्कालका लागि अस्थायी रुपमै भएपनि सालिकलाई अनावरण गरी राजवंशी समुदायको माग संबोधन गर्ने मौखिक सहमति भएको छ । स्टेजको अगाडिपट्टि सो सालिक राखिने भएको हो । जग्गा विवादका कारण रंगशाला सार्नुपर्ने अबस्था आउँदा सालिक भत्काउनु पर्छ भनेर आफूहरुले सालिकलाई स्थापित नगरेको बताउँदै अध्यक्ष गिरीले तत्कालका लागि अस्थायी रुपमा राख्ने र पछि जग्गाको टुंगो लागिसकेपछि स्थायी र दीगो रुपमा सालिक पुनर्स्थापित गरिने जानकारी दिए ।

त्यस्तै पूर्व अध्यक्ष स्व. बिनोद बस्नेतको सपना साकार पार्न गोल्डकपपछि डोमालाल राजवंशीकी छोरी सम्पत्तिको घर बनाइदिने अध्यक्ष गिरीले जानकारी दिए । स्व. बस्नेतले घर बनाइदिनका लागि सामाजिक संजालमार्फत आर्थिक संकलन अभियान शुरु गरेका थिए । त्यस अभियानलाई निरन्तरता दिने गिरीको भनाई छ ।

छैठौं संस्करणको झापा गोल्डकप सम्पन्न गर्नेबित्तिकै अध्यक्ष बस्नेत डोमालालको सालिक र घर निर्माण गरिदिने अभियानमा लागेका थिए । स्व. डोमालालका सन्तानका लागि बस्नेतले आफैबाट आर्थिक सहयोग गर्ने घोषणा गरेका थिए। जग्गादाता राजवंशी परिवारको घर बनाउनका लागि अध्यक्ष बस्नेत स्वयंले ५१ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए । त्यसपछि त्यस मानवीय कामका लागि अन्य धेरै सहयोगी मनहरुले स्वतःस्फूर्त सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । डोमालाल राजवंशीको घरको लागि दाताहरुले १० लाखभन्दा बढी सहयोग गर्ने बचन दिएका थिए । बस्नेतकै पहलमा छैटौ गोल्डकपको उद्घाटनका दिन डोमालालको परिवारलाई १ लाख रुपैयाँ सहयोग गरिएको थियो। यस वर्ष २५ हजार रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरिएकोमा त्यसमा थप्ने प्रयास भइरहेको अध्यक्ष गिरीले जानकारी दिए ।

डोमालाल राजवंशीले रंगशाला भएको ठाउँमा करिव १३ विगाह जग्गा दान दिएका थिए । अहिले भूमिहीन बनेका डोमालालकी छोरी सम्पत्ति , नातिहरु भीम र छवि राजवंशी रंगशालाको पश्चिमपट्टि झुप्रो बनाएर बसेका छन् । उनीहरुले मजदुरी गरी गुजारा गर्दै आएका छन् ।

## मतदाताको ...

पूर्वाधार निर्माण र निःशुल्क किसानलाई मल र बीउ वितरणजस्ता मुद्धा उठाउने गरेको थापाको भनाई छ । 'हार्ने उम्मेद्वार त गाउँ फर्किने कुरै भएपनि जितेर गएका उम्मेद्वार समेत उसवेला बोलेको बाचा पुरा गर्न गाउँ फर्किने गरेका छैनन् ' भद्रपुर–९ का हरिकृष्ण शर्माले भने ।

मेचीनगर– १२ का मोहनप्रसाद घिमिरे ७५ वर्षका भए । उसवेलादेखि यसवेलासम्म आइपुग्दा थुप्रै पटक मतदान गरे तर, उनको पनि गुनासो त्यही छ । उनले भने, 'धेरैजना नेता चुनाव जितेर गएपछि गाउँलाई नसम्भिने । फर्केर एकपटक पनि आउँदैनन् ।' 'यसकारण पनि चुनावमा मतदातासमक्ष नेता कार्यकर्ताले बाँडेको आश्वासन पुरा हुँदैन र मतदातामा पनि निराशा पैदा हुन्छ ' उनले थपे,' यसअघिका चुनावमा नेता कार्यकर्ताको थुप्रै आश्वासन अहिलेसम्म कार्यान्वयन भएका छैनन् ।'
०६४ पछिका हरेक निर्वाचनमा सहभागी हुँदै आएका झापा मेचीनगर –३ का मनोज कार्कीका अनुसार विभिन्न राजनीतिक दलबाट उम्मेदवार बनेका उम्मेदवारहरूले निर्वाचन जित्नकै लागि विभिन्न मुद्धाहरू उठाउने गरे तापनि निर्वाचनपश्चात् ती सबै मुद्धा कार्यान्वयन नगर्दा ओझेलमा पर्दै आएका छन् । 'अब चुनाव जितेर राजधानी बस्ने होइन, आफ्नै क्षेत्रमा आएर त्यहाँको समस्या बुझ्ने र समाधानतर्फ लाग्नुपर्छ ' थापाले भने । सम्बन्धित क्षेत्रका मतदाताले निर्वाचनको समयमा गाउँमा देखापरेका नेतालाई मतदान गरी पठाएपनि गाउँ नफर्किदा आफ्ना समस्या राख्नसमेत छाडेको भद्रपुर नगरपालिका-१० का दलबहादुर सापकोटा बताउँछन् । विगतका चुनावमा बनाएका नाराजस्तै धेरै राजनीतिक दलका उम्मेदवारले यस वर्ष पनि उही पुरानै नारा अघि सारेको र यी नारापछि पुरा हुनेमा मतदाताले विश्वास नगर्ने उनको दाबी छ ।

नेपालमै रोजगारी, सडक, जलविद्युत्, खानेपानी र दिगो पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यमा गुणस्तर सुधार र किसानलाई मल, बीउ, अनुदानलगायतका मुद्धा थुप्रै निर्वाचनमा अघि सारेपनि चुनावपछि सवै विर्सिने गरेको उनको आरोप छ । । धेरै चुनाव भए, धेरै नेता गाउँमा भोट माग्न आउँदा गाउँमा सडक, खानेपानी ल्याइदिने आश्वासन दिएर चुनाव जितेर गए । तर, गाउँमा अहिलेसम्म पानी ल्याएनन् । यसपटकको निर्वाचनमा पनि उस्तै श्रृखला रहेको मेचीनगर -७, का गजेन्द्र खड्काले बताए । गाउँमा खानेपानी, सडक, विद्युत, सञ्चार नभएकै कारण धेरै नागरिकले गाउँ छाडर शहर पसेका छन् । जसका कारण ग्रामीण क्षेत्र सुनसान झै रहेको मेचीनगर-७ भान्साखोलाका गणपति चौधरीले बताए । सडकको स्तरोन्नति गर्ने, गाउँमा सबै घरघरमा खानेपानी पुऱ्याउने, गाउँको विद्यालयलाई सुधार गरी उच्च शिक्षा गाउँमै दिलाउने आश्वासन पाएपछि यसअघिका निर्वाचनमा मतदातन गरी जिताएका नेताहरू पुनः गाउँ नफर्किएकोमा साह्रै दुःख लागेको उनको गुनासो छ । यस पटकका उम्मेदवारहरूले पनि निर्वाचनमा पुरानै राजनीतिक दलका नेताहरूले जस्तै शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि र रोजगारीको मुद्धा अघि सारेको मतदाताहरुको भनाई छ ।

अहिले मतदाता खोज्दै उम्मेदवारहरु घरघरै धाउनुपर्ने अवस्था छ । पछि चुनाव जितेर गएपछि मतदाताले नेता खोज्ने अवस्था पैदा हुने स्थानीय मनोज दर्जीको अनुभव छ । ' अहिले मतदाता कुन घरमा बस्छन् कहाँ छन् भनेर खोज्दै गाउँगाउँ उम्मेदवार पुग्छन् 'दर्जीले भने, 'मतदाता भेट्ने र आफ्ना एजेण्डा सुनाउँदै भोट मागिरहेका छन् । पछि हामीले यसैगरी भेट्न जानुपर्छ । '

अब त चुनावले छपक्कै छोपिसकेको छ । मतदानको मिति आउन एक महिनामात्र बाँकी रहँदा शहरी र सुगम क्षेत्रका उम्मेदवारहरू आफ्ना निर्वाचन क्षेत्रभित्रै प्रचारप्रसारमा व्यस्त छन् । मतदाता खोज्दै शहर छिरेका छन् । चुनावताका नेताले बोलेका कुरा पुरा नहुँदा र जनताको दुःखमा साथ नदिँदा उनीहरूलाई ठूलै चोट परेको कुरा चुनावअघिको आक्रोशले दर्शाउँछ ।

## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश ,झापा जिल्ला,कन्काई नगरपालिका वार्ड नं.-०३ मा बस्ने श्री ढाकलाल बरालका नाति रबिचन्द्र बरालका छोरा श्री शिव प्रसाद उपाध्याय बरालको मिति वि.सं.२०८२/०९/१५ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय सुरुगामा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती इन्द्रकला बरालले मिति वि.सं.२०८२/१०/१९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### कोशी प्रदेशको
## १५ दिने सूचना

सधियार पश्चिमः श्री देविका उप्रेती, दक्षिणः अप्रित सुब्बाको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस हाल बिर्तामोड नगरपालिका, वडा नं. ९ बस्ने श्री कल्पना मैनालीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ९ | - | १७२२, १७८८ र १६७० | १५२.३७ | २०८१/१० /२९ | २०८१/११ /०४ | २०८२/१०/१९ |

## निर्वाचन...

दुई हजार आठ सय ४५ वटा मतदानस्थललाई सामान्य, चार हजार ४४२ मतदानस्थललाई संवेदशील र तीन हजार ६८० वटा मतदानस्थललाई अति संवेदनशील मतदानस्थलका रूपमा हेरिएको छ । सोहीअनुसार नियमितरूपमा प्रहरी परिचालन गरी त्यहाँको सुरक्षा व्यवस्था मजबुद बनाउने काम भइसकेको प्रहरीले जनाएको छ ।
निर्वाचनमा सशस्त्र प्रहरीतर्फ ३४ हजार ५७६ जना र १५ हजार ११० 'निर्वाचन प्रहरी' गरी कूल ४९ हजार ६८६ जना परिचालित हुन्छन् । निर्वाचनको समयमा कुनै पनि अप्रिय घटना हुन नदिन उच्चसतर्कता अपनाइएको र जुनसुकै अवस्थामा पनि सशस्त्र प्रहरी १० मिनेटभित्र घटनास्थलमा पुग्नेगरी परिचालित गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ । झापामा ८ सय सेना परिचालन हुने चारआलीस्थित अरिदमन गणले जनाएको छ ।

## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश झापा जिल्ला,बिर्तामोड नगरपालिका वार्ड नं.-७ मा बस्ने कुलानन्द दाहालका नाति धनपती दाहालका छोरा दुर्गा प्रसाद दाहालको मिति वि.सं.२०८२/०४/१९गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय विर्तामोडमा वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती नर्वदा देवी दाहालले मिति वि.सं.२०८२/१०/२०मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

विज्ञानचन्द्र राई
समाजसेवी
भद्रपुर, झापा

प्रतिदिन १८ औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

शेषराज पौडेल
सचिव

लक्ष्मी गुरागाँई
अध्यक्ष

राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि.
भद्रपुर , झापा

# सहारा नेपाल
## बचत तथा ऋण सहकारी संस्था लि.
**मुल कार्यालय : बिर्तामोड - २ ,चारपाने (झापा)**

## क्यालेण्डर छपाईको लागि कोटेशन आव्हान

**प्रथम पटक प्रकाशित मिति : २०८२/१०/२१**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मूल कार्यालय, विर्तामोड-२, चारपानेलाई बिक्रम सम्बत् २०८३ सालको तपशिल अनुसारको साईज तथा गुणस्तरमा भित्ते क्यालेण्डर छपाई गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनी/सप्लायर्सबाट आवश्यक कागजहरु संलग्न राखि १५ दिनभित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

**तपशिल :**

| विवरण | भित्ते क्यालेण्डर |
|---|---|
| छपाई गर्नू पर्ने क्यालेण्डर संख्या | १,००,००० वटा |
| क्यालेण्डरको साईज | १२ इन्च x १८ इन्च |
| पाना/पेज संख्या | ३ पाना (६ पेज) |
| पेपर | १५० GMS ब्चत द्ययबचम उबउभच, हाईकोट पेपर |
| छपाईको रङ् | मल्टी कलर |
| छपाई | दूबै साईड (प्रत्येक पन्नाको अगाडी र पछाडी २/२ महिनाको प्रिन्ट गर्ने) |
| बाईन्डिङ् | Metal strip binding with hook |

**विवरणहरु :**

१. कोटेशनमा फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।
२. फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३. कोटेशनमा फर्मको व्यवसाय प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (आ.व. २०८१/२०८२), स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ ।
४. समय नाघि वा रीत पुरा नगरी प्राप्त भएको कोटेशनलाई मान्यता दिइने छैन ।
५. फर्महरुबाट प्राप्त कोटेशन सूचना प्रकाशित भएको मितिले १६ औं दिनका दिन संस्थाको मुल कार्यालय बिर्तामोड - २ चारपानेमा खोलिने छ । यदि सो दिन बिदा पर्न गएमा सोको भोलिपल्ट शिलबन्दी कोटेशन खोलिने छ ।
६. छपाई गर्ने क्यालेण्डरको डिजाईन मूल कार्यालयको तर्फबाट हुनेछ । कोटेशन पेश गर्नु भन्दा अगाडी छपाई गर्ने क्यालेण्डरको नमूना मूल कार्यालयबाट लिन सकिने छ ।
७. कोटेशन स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८. कोटेशन प्रतिस्पर्धाबाट छनौट भएका फर्महरुले बोलकबोल रकमको ५ प्रतिशत धरौटी रकम संस्थाको खातामा जम्मा गर्नु पर्नेछ ।
९. क्यालेण्डर ढुवानी, यातायात, मजदुर तथा अन्य खर्च सम्बन्धित फर्मले नै ब्यहोर्नु पर्नेछ साथै छपाई गरेका क्यालेण्डर संस्थाको मुल कार्यालयको स्टोरसम्म ल्याई भण्डारण गरी दिनु पर्नेछ ।
१०. फर्मसंग क्यालेण्डर छपाई गर्ने सम्झौता भएको मितिले १५ दिनभित्रमा संस्थालाई क्यालेण्डर उपलब्ध गराई सक्नु पर्नेछ ।
११. क्यालेण्डरको फाइनल प्रिन्ट भन्दा अगाडी एक पटक संस्थामा ड्राफ्ट क्यालेण्डर रुजु गराउनु पर्नेछ ।
१२. तोकिएको मापदण्ड अनुसार क्यालेण्डर छपाई नभएमा धरौटी रकम फिर्ता हुने छैन ।
१३. क्यालेण्डर छपाई संख्या आवश्यकता अनुसार थप घट हुन सक्नेछ ।
१४. छपाई गर्ने क्यालेण्डरको कोटेशन मूल कार्यालयबाट उपलब्ध हुनेछ ।

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय, बिर्तामोड-२, चारपाने**
**फो.न. ०२३-५३३४०८, ५३११९८**

## ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८२/१०/२१**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसँग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जा सँग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासँग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घर घरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| शाखा कार्यालय : दमक | कर्जा शिर्षक : व्यावसायिक चालु पुँजी कर्जा |
|---|---|

**ऋणीको नाम, थर तथा तीन पुस्ते विवरण :**

१. कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौंमा मिति २०७८/१२/२३ मा दर्ता नम्बर २८८५९०/०७८/०७९ भई दर्ता भएको रजिष्टर्ड कार्यालय झापा जिल्ला, दमक न.पा., वडा नं. ६ स्थित **आकार ट्रेड एण्ड सप्लायर्स प्रा.लि.** ।
२. निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम घरेलु तथा साना उद्योग कार्यालय कोशी प्रदेश झापा, भद्रपुरमा मिति २०८०/०६/१० मा प्रा.फ.र.नं./वाणिज्य फर्म दर्ता नं. १८२४४ अन्तरगत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला, दमक न.पा. वडा नं. ६ भई हाल सोहि स्थानमा स्थित **मन्जु श्री सप्लायर्स** ऐ फर्मका तर्फबाट ऐ. का प्रोप्राइटर डिल्लीराम अधिकारीको छोरी लेखनाथ दाहालको पत्नी नागरिकता बमोजिम झापा जिल्ला, धाइजन गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भै हाल झापा जिल्ला दमक न.पा. वडा नं. ४ बस्ने मिति २०६१/१२/०९ मा जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी गरिएको ना.प्र.प.नं. ३००४४५७९ भएको बर्ष ४० की **मान्जु अधिकारी ।**

**धितो सुरक्षणको विवरण :**

१. **रेखा देवि ठाकुर**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. १० स्थित कि.नं. १०५ र १११ को क्षेत्रफल क्रमशः १७३ ब.मि र ५२१.३६ ब.मि भएको जग्गा र उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
२. **मान्जु अधिकारी**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ५ स्थित कि.नं. १५९२० र १५९२१ को क्षेत्रफल क्रमशः ८४.६६ ब.मि र ८४.६६ ब.मि. भएको जग्गा, उल्लेखित जग्गामा निर्मित घर र उल्लेखित घर जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

| व्यक्तिगत जमानीकर्ता/ सेयरधनी: | व्यक्तिगत जमानीकर्ता/सेयरधनी: |
|---|---|
| नाम : लेखनाथ दाहाल<br>बाबु : मेदनी प्रसाद दाहाल<br>बाजे : नन्दीकेशर दाहाल<br>ना प्र नं : ३४१५१७८१९ (जारी मिति र जिल्ला : २०५०/०९/०८ र झापा)<br>ठेगाना : झापा जिल्ला, महारानीझोडा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भै हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ४ बस्ने । | नाम : शम्भु कुमार ठाकुर<br>बाबु : सीताशरण ठाकुर<br>बाजे : रामश्वरुप ठाकुर<br>ना प्र नं : ३९५६३२१४ (जारी मिति र जिल्ला २०४५/०२/१० र सर्लाही)<br>ठेगाना : सर्लाही जिल्ला, जमुनीया गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ५ बस्ने । |
| **व्यक्तिगत जमानीकर्ता/धितोजमानीकर्ताः** | **व्यक्तिगत जमानीकर्ता/धितोजमानीकर्ताः** |
| नाम : मान्जु अधिकारी<br>बाबु : डिल्लीराम अधिकारी<br>पति : लेखनाथ दाहाल<br>ना प्र नं : ३००४४५७९ (जारी मिति र जिल्ला २०६१/१२/०९ र झापा)<br>ठेगाना : झापा जिल्ला, धाइजन वडा नं. ६ स्थायी ठेगाना भै हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ४ बस्ने । | नाम : रेखा देवी ठाकुर<br>बाबु : रामचन्द्र ठाकुर<br>पति : शम्भु कुमार ठाकुर<br>ना प्र नं : ३९५६३६९८ (जारी मिति र जिल्ला २०५६/०३/१८ र सर्लाही)<br>ठेगाना : सर्लाही जिल्ला, जमुनीया .न.पा. वडा नं. १ स्थायी ठेगाना भै हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ५ बस्ने । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन आचारसंहिता लागू गरौं

**निर्वाचन आचारसंहिता लागू गराउने कुरामा निर्वाचन आयोग प्रतिवद्ध जस्तो देखिन्छ । आयोगले उल्लंघन भएको अनुगमन गरेर ध्यानाकर्षण गराएपनि स्पष्टीकरण बाहेक अरु कार्वाही हुन सकेको छैन ।**

**यसपटक निर्वाचन आयोग पहिलेभन्दा अपेक्षाकृत बढी सक्रिय देखियो आचारसंहिता पालन गराउने सन्दर्भमा । आचारसंहिता उल्लंघन गरेको आरोपमा केही चर्चित उम्मेदवारहरूसमेतसँग स्पष्टीकरण सोधिनु सकारात्मक हो ।**
**निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग, अशिष्ट टिप्पणी, झुटा दाबी, सरकारी स्रोतको दुरुपयोगजस्ता विषयमा परेका उजुरीका आधारमा आयोगले तत्कालै कारबाही गर्ने सक्रियता देखायो । कोसी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीलगायत उम्मेदवार हरूसँग स्पष्टीकरण सोधेर आयोग निर्वाचनको स्वच्छताप्रति चनाखो रहेको सन्देश दिएको छ ।**

**कतै आयोगको सक्रियता स्पष्टीकरण सोध्ने चरणमै सीमित रहने त होइन रु उजुरी नपरी अपराध नदेख्ने परम्परागत सरकारी अभ्यासबाट निर्वाचन आयोग पनि मुक्त हुनसकेको छैन । निर्वाचनजस्तो संवेदनशील प्रक्रियामा नियामक निकायले उजुरीको प्रतीक्षा गर्नु स्वच्छताका लागि पर्याप्त हुँदैन । आचारसंहिता उल्लङ्घन सार्वजनिकरूपमै देखिँदा आयोगले स्वत: संज्ञान नलिने हो भने यो अभ्यास बिस्तारै खोक्रो बन्छ ।**
**नेपालमा ‘ठूलालाई ऐन, सानालाई चैन’ भन्ने भनाइ व्यवहारमा बारम्बार पुष्टि हुँदैआएको छ । आचारसंहिता कार्यान्वयनमा पनि त्यही दोहोरो मापदण्ड लागु हुने हो कि भन्ने शंका स्वाभाविक छ ।**

**प्रभावशाली उम्मेदवार वा सरकार निकट देखिएकाहरूप्रति आयोग उदार र कमजोर उम्मेदवारप्रति कठोर देखियो भने निर्वाचनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठ्नेछ । निष्पक्षता देखिनुमात्र होइन अनुभूत पनि हुनुपर्छ ।**
**आवश्यक र उचित ठाने आयोगले आफैं संज्ञान लिएर पनि उम्मेदवार, राजनीतिक दल, सरकारी निकाय र पदाधिकारीसँग स्पष्टीकरण सोध्नुका साथै कानुनबमोजिम कारबाही गर्न पनि हिचकिचाउनु हुँदैन । एउटा निर्वाचनमा आयुक्तहरूले दृढतापूर्वक दण्डको उदाहरण प्रस्तुत गर्न सके भने त्यसले दीर्घकालीन रूपमा आचारसंहिता पालना गर्ने संस्कार बसाल्छ ।**
**अर्को गम्भीर चुनौती सामाजिक सञ्जालमार्फत फैलाइने भ्रामक सूचना हो । प्रायोजित प्रतिक्रिया, जाली समर्थन र झुटा प्रचार मतदातालाई प्रभावित पार्ने नयाँ तरिका बनेका छन् । यो प्रत्यक्षरूपमा पैसा बाँडेजस्तै अनैतिक अभ्यास हो । यस्ता गतिविधि निगरानी र नियन्त्रण नगरे आयोगको सक्रियता कागजी देखिनेछ ।**




# ‘निपाह’ भाइरसको जोखिम



**डा. प्रकाश बुढाथोकी**

भारतको पश्चिम बङ्गालस्थित अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरू ‘निपाह’ भाइरस सङ्क्रमित भई उपचाररतमध्ये दुई जना सघनकक्षमा छन् । भारतसँग नेपालको खुला सिमाना भएका कारण सीमापारि सङ्क्रमण भएको पुष्टि हुँदा सीमावारि पनि गम्भीर चासो लिनै पर्छ ।
छिमेकी मुलुक भारतमा ‘निपाह’ भाइरस पुष्टि भई नियन्त्रण तथा उपचारका उपाय तीव्र पारिएको छ । यसैका आधारमा नेपालमा पनि सतर्कता, निगरानी तथा तयारीका उपाय अपनाइएको छ । स्वास्थ्य मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले ‘निपाह’ भाइरसको सम्भावित जोखिमलाई ध्यानमा राखी देशभरका स्वास्थ्य संस्था तथा निकायलाई सचेत गराएको, स्थल तथा हवाई नाकामा रहेका स्वास्थ्य डेस्कलाई यात्रुको स्क्रिनङ गर्न सक्रिय बनाएको, अस्पतालमा आइसोलेसन वार्ड तयारी अवस्थामा राखिएको तथा भाइरसको अन्तरिम परीक्षण एल्गोरिदम तयार गरी कार्यान्वयनमा छ ।

**के हो ‘निपाह’ भाइरस ?**

अत्यन्तै घातक र उदीयमान जुनोटिक रोग ‘ निपाह’ भाइरसलाई विश्व स्वास्थ्य सङ्गठनले महामारी फैलन सक्ने प्राथमिकता प्राप्त रोगको सूचीमा राखेको छ । उच्च घातक भाइरस ‘निपाह’ प्यारामिक्सोभिरिडी परिवार अन्तर्गत ‘निपाह’ भाइरस हो । सिङ्गापुर र मलेसियामा सुँगुरपालक किसानमा सन् १९९९ मा पहिलो पटक यो भाइरस फैलिएको थियो । त्यो बेला सङक्रमितमध्ये ४० प्रतिशतको मृत्यु भएको थियो ।
छिमेकी मुलुक भारत र बङ्गलादेशमा सन् २००१ मा यो भाइरस देखिएको थियो । योबेला भारतको पश्चिम बङ्गालमा ६६ जना सङक्रमित र ४५ जनाको मृत्यु भएको थियो । सन् २००७ मा भने सङक्रमितमध्ये पाँच जनाको मृत्यु भएको थियो । सन् २०१८ मा भारतकै केरलामा यस भाइरसबाट १७ जनाको मृत्यु भएको थियो । त्यसपछि हरेक वर्ष जस्तो सङक्रमण र मृत्युदर ७० देखि एक सय प्रतिशत भएको तथ्याङ्क छ । नेपालमा यदि सङक्रमण देखिए सङक्रमण र मृत्युदर फरक नहुन सक्छ ।

**सर्ने माध्यम**

सङक्रमित व्यक्ति वा सुँगुर वा चमेरोको नजिक र सिधा सम्पर्क भए यो भाइरस सर्न सक्छ । यो रोग सार्ने चमेरो प्रजाति नेपालमा पनि रहेका छन् तर ‘निपाह’ भाइरस रहे नरहेको यकिन भएको छैन । सम्भवतः मानिस र चमेरोको कुनै खालको सम्पर्क नभएकाले नेपालमा मानिस सङक्रमित नभएको हुन सक्छ । नेपालमा चमेरो पनि पाइने, सुँगुर, बाख्रा र गाईपालन गर्ने चलन पनि छ । चमेरोले टोकेर छाडेको फल विशेषतः काँचो खजुर खाएका कारण पनि मानिस सङक्रमित भएको अध्ययनले देखाएको छ । फिलिपिन्समा सङक्रमित घोडाबाट मानिसमा यो भाइरस सङक्रमण भएको पाइन्छ । सङक्रमित चमेराको र्‍याल वा मलमूत्रले दूषित फलफूल सेवन गर्दा पनि सङक्रमण हुन सक्छ । साथै सङक्रमित व्यक्तिको रगत, थुक, पिसाब वा नजिकको सम्पर्कबाट तथा चमेरोबाट सुँगुर, गाई, बाख्रा जस्ता जनावर हुँदै पनि मानिसमा यो भाइरस सर्न सक्छ ।

मानिसबाट मानिसमा सर्नु सबैभन्दा चिन्ताजनक हो । भारत तथा बङ्गलादेशमा भएका धेरै जसो यस्तै देखिन्छ । सन् २००१ मा भारतको सिलगुढीस्थित एक अस्पतालमा यस्तै एक उदाहरण देखिएको थियो, जहाँ ७५ प्रतिशतसम्म स्वास्थ्यकर्मी तथा अस्पताल आएका व्यक्ति सङक्रमित भएका थिए । सन् २०२६ मा देखिएको सङक्रमण पनि मानिसबाट मानिसमा सरेको हुन सक्ने आकलन छ ।

**लक्षणहरू**

भाइरस सङक्रमण भएको चारदेखि १४ दिनमा तर कतिपयमा ४५ दिनमा लक्षण देखिन्छ । सुरुवाती लक्षणमा ज्वरो आउने, टाउको दुख्ने, श्वासप्रश्वासमा समस्या हुने, मांसपेशी दुख्ने, घाँटी दुख्ने, बान्ता हुने, चक्कर लाग्ने र चेतनामा समस्या हुने हुन्छ । त्यसपछि गम्भीर लक्षणमा टाउको घुम्ने, निद्रालु वा सुस्तपन, चेतनामा परिवर्तन, मस्तिष्क सुन्निने, सङक्रमितमा असामान्य निमोनिया, सास फेर्न गाह्रो हुने, इन्सेफलाइटिस-मस्तिष्कको सुजनका लक्षण देखिन्छ । गम्भीर लक्षण देखिएको २४ देखि ४८ घण्टासम्म बिरामी अचेत अर्थात् कोमामा जान सक्छ । सङक्रमण जापनिज इन्सेफलाइटिस वा अन्य फ्लु र सङक्रमणसँग पनि मिल्न सक्छ । तसर्थ सङक्रमितको भ्रमण इतिहास जरुरी छ । निश्चित निदान भने प्रयोगशाला परीक्षणबाट गरिन्छ । सङक्रमितको रगत, पिसाब, ढाडको पानी वा नाक तथा घाँटीको स्वाबबाट पिसिआर वा एलाइजा प्रविधिबाट भाइरस रहे नरहेको पुष्टि गरिन्छ । भाइरस उच्च घातक भएकाले उच्च बायोसेफ्टीस्तरको प्रयोगशाला र जनशक्ति जरुरी पर्छ ।

**व्यवस्थापन**

हालसम्म यस भाइरसविरुद्ध विशेष एन्टिभाइरल औषधी वा खोप विकास भइसकेको छैन । उपचार लक्षणका आधारमा गरिन्छ । शरीरमा पानीको मात्रा सन्तुलन राखिन्छ । विभिन्न औषधी र उपाय प्रयोग गरिन्छ । केही एन्टिभाइरल औषधी परीक्षणका क्रममा छन् । खोपमा पनि १० भन्दा बढी परीक्षण भइरहेका छन् ।

चमेराले छोएको फलफूल वा खजुरको रस काँचै नखाने, नपिउने, फलफूल धोएर मात्र सेवन गर्नु पर्छ । सुँगुर र अन्य घरेलु जनावरसँग नजिकको सम्पर्कबाट बच्ने, जनावरको मासु सुरक्षित तरिकाले पकाएर मात्र खाने गर्नु पर्छ । सङक्रमित व्यक्तिसँग प्रत्यक्ष सम्पर्क, खोक्दा, हाच्छिउँ गर्दा नजिक नजाने, मास्क र अन्य सुरक्षात्मक उपाय अपनाउनु पर्छ ।

यसै गरी सङक्रमितले प्रयोग गरेका कपडा, उपकरण वा खानासँगको सम्पर्कबाट बच्ने, पन्जा, मास्क प्रयोग गर्ने, भिडभाडमा जानु हुँदैन । पानी उमालेर मात्र पिउने, नियमित रूपमा साबुनपानी वा स्यानिटाइजरले हात धुनु पर्छ । ‘निपाह’ भाइरसबारे सर्ने तरिका, लक्षण, जोखिमबारे जानकारी राख्ने, आधिकारिक सूचना, सञ्जाल हेर्ने, स्वास्थ्य अधिकारीको निर्देशन पालना गर्ने, प्रभावित क्षेत्रबाट आएका वा शङ्कास्पद व्यक्तिलाई क्वारेन्टाइनमा राख्नु पर्छ ।

हालसम्म ‘निपाह’ भाइरसका घटना नेपालमा पुष्टि भएका छैनन् । साथै स्वास्थ्य निकाय जोखिम न्यूनीकरणका लागि पूर्ण रूपमा तयारी अवस्थामा पनि रहेका छन् । त्यसैले आमनागरिक आतङ्कित हुनु पर्दैन । बरु सबै नागरिकले आफू र परिवारलाई सुरक्षित राख्न जनस्वास्थ्यका मापदण्ड अनिवार्य रूपमा पालना गर्न जरुरी छ । स्वास्थ्य मन्त्रालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार निकायसँग समन्वय गर्दै अवस्था निरन्तर अनुगमन गरिरहेको छ । सर्वसाधारणलाई हल्लाको पछि नलाग्न मन्त्रालयले जारी गरेको आधिकारिक सूचना मात्र विश्वास गर्नु पर्छ । सबै नागरिक आतङ्कित नभई सचेत, सजग र जिम्मेवार भई सुरक्षित रहन जरुरी छ ।गोपबाट

# चुनावमा उग्र राष्ट्रवाद होइन, परिपक्व राजनीति



**• प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ**

एक जना आध्यात्मिक गुरुले भन्नुभएको थियो , “मौनता आध्यात्मिक अनुशासन हो । “ राजनीतिमा पनि मौनता कहिलेकाहीं वाणी भन्दा प्रभावशाली हुन्छ। हाम्रो समाजमा विभिन्न प्रकारका मानिस छन्। एकथरी धेरै बोल्ने, मै हुँ’, म मात्रै जान्दछु, अरूलाई केही थाहा छैन भन्नेहरू। अर्काथरी आफ्नो स्वार्थका लागि मात्र बोल्ने, वितर्क गर्ने, समाजलाई गुमराहमा राख्न सहीलाई झुटो र झुटोलाई सही भन्नेहरू । तेस्रो थरी ती दुवै पक्षका कुरा सुनेर आफ्नो विचार बनाउनेहरू। वर्तमान परिस्थितिमा चुनाव लक्षित केही व्यक्तिहरू भने झुटलाई सयौं पटक सही हो भनेर चिच्याएर, घाँटी सुक्ने गरी कराएर भन्यो भने सही बनाउन सकिन्छ वा भ्रम सिर्जना गर्न सकिन्छ भनेर लागि परेको छन् । केही व्यक्तिहरू “नङ्गा नाचे हजार दाउ“ भन्ने सोच लिएर मैदानमा उत्रिएका छन्। जोडतोडले वाक युद्ध चलाइराखेका छन् । “आयो आप गयो झटारो“ को रूपमा कार्यकर्ताहरू प्रस्तुत भइरहेका छन् । केही उम्मेदवारहरूलाई कसैको विषयमा केही राम्रो कुरा बोलिदिनुस् भन्दा एक मिनेट पनि बोल्न सक्दैनन्, तर कसैका बारे नकारात्मक कुरा गर्नुपरे वा कसैलाई गाली गर्नु परे घन्टौं सम्म बोल्न सक्छन्। गाली गर्नलाई सोच्नु पर्दैन र अध्ययन पनि गर्नु पर्दैन, बरु यसमा आफूलाई क्रान्तिकारी देखिएको ठान्छन्। केही वर्ष यता हाम्रो समाजलाई नकारात्मक कर्मको भण्डार बनाइएको छ र हामीलाई यही संस्कारमा हुर्किन बाध्य पारिँदैछ। यी सबै कुरा बुझी, नागरिकहरूले आफैबाट सकारात्मक परिवर्तन सुरु गरेमा मात्र समाज का यस्ता समूहहरू विलय भएर जान्छन् ।

गिरिजाप्रसाद कोइरालाका राम्रा-नराम्रा बानीमध्ये एउटा बानी अत्यन्त राम्रो थियो–उहाँ कम बोल्नुहुन्थ्यो। मिडियामा आउन रुचाउनु हुँदैनथ्यो, मिडियासँग धेरै अन्तरक्रिया पनि गर्नु हुँदैनथ्यो। त्यसैले गिरिजाबाबुको अन्तर्वार्ता आउँदै छ भन्ने खबर आयो भने प्रत्येक नागरिक उत्सुकतापूर्वक पर्खेर बस्थे–उहाँले के बोल्नुहुन्छ भनेर। उहाँ विराटनगर जानुभयो भने पनि अब गिरिजाबाबुले के राजनीतिक कुरा गर्दै हुनुहुन्छ भन्ने जिज्ञासा देशभर फैलिन्थ्यो। जथाभाबी नबोल्ने र कम बोल्ने भएकाले उहाँको बोलीमा वजन थियो। माओवादीसँग शान्ति वार्ता चलिरहेको बेला उहाँ र प्रचण्डबिच फाटो ल्याउने उद्देश्यले केही समूहले गिरिजाबाबुलाई कुरा लगाउने गर्थे, अनि प्रचण्डले तपाईंका बारेमा यो भने, त्यो भने भनेर, वार्ता बिथोल्न खोज्थे। त्यसको जवाफमा गिरिजाबाबु भन्नुहुन्थ्यो, प्रचण्डले बाहिर के भन्छन् मलाई थाहा छैन, मेरो सामुन्ने त्यस्तो केही भन्नुभएको छैन। योभन्दा उत्तम जवाफ के हुन सक्छ ? यो राजनीतिक परिपक्वताको उदाहरण हो।

कुनै बेला शेरबहादुर देउवाले गगन थापालाई लक्षित गर्दै भन्नुभएको थियो–“धेरै बोले आफैं सिद्धिन्छ, कम बोले अरू सिद्धिन्छ।” हुनसक्छ त्यसैले उहाँले देशलाई कसरी अगाडि बढाउने भन्ने विषयमा राजनैतिक



बहस अन्तर्वार्ता वा महत्वपूर्ण सार्वजनिक सम्बोधन नै नगरी चुपचाप नेपाली कांग्रेसको सभापतिको कार्यकाल पूरा गरी बिदा लिनुभयो। उहाँको यो राजनैतिक शैली सही या गलत भएको कुराको मूल्याङ्कन जनताले नै गर्नेछन् ।
सम्भवतः यी दुवै नेताको अनुभवलाई आत्मसात् गर्दै बालन शाहले पनि कम बोल्ने नीति अपनाउनुभएको हुन सक्छ।
प्रधानमन्त्रीका उम्मेदवारहरूबिच बहस गराउनु राम्रो कुरा हो–यसमा कुनै विवाद छैन। तर कुनै नेताले बहस गर्दिनँ भने भन्दैमा बहस नै रोक्नु र बहसमाथि नै बहस गर्नु गलत हो। एउटा व्यक्तिले बहस गर्दैन भन्दैमा प्रश्न मर्नु हुँदैन। प्रश्नकर्ताले प्रश्न सोध्न छोड्नु हुँदैन। प्रश्न मरे प्रजातन्त्र मर्छ। त्यसैले अन्य प्रधानमन्त्रीका उम्मेदवारहरूलाई ल्याएर बहस गराउनुस्–प्रजातन्त्रलाई जीवित राख्नुस्।
तर आजको वास्तविकता के हो भने, अधिकांश जनता बहस सुन्ने पक्षमा छैनन्, किनकि कसले के बोल्छ भन्ने कुरा उनीहरूलाई पहिले नै थाहा छ। बहसको क्रममा प्रश्न गर्दा जसले जे प्रश्न गरिदिए पनि हुन्छ, प्रश्न गर्नु जस्तो सजिलो केही छैन, जवाफदेहिता केही हुँदैन । तर विडम्बना, हाम्रा समाज भने बिना जबाफदेहीताका त्यस्ता प्रश्नकर्ताहरूलाई महान् ठान्छन्।
कुनै नेताले सार्वजनिक बहस किन गरेन, गर्नुपर्थ्यो कि पर्दैनथ्यो भन्ने प्रश्नका साथै जेनजीको हत्यारा को हो, सिंहदरबार किन जल्यो र कसले जलायो, यी घटनाहरूको जबाफदेहिता कसको – आदि सबै प्रश्नहरूको उत्तर आगामी निर्वाचनमा जनताले भोटमार्फत दिनेछन्।
पुराना पार्टीहरूसँग जनताको घरदैलोमा लिएर जाने ठोस एजेन्डा नभएकाले उनीहरू विदेशी हस्तक्षेपको कुरा उठाइरहेका छन् । आगामी चुनावमा विदेशीले सहयोग गरेको पार्टी वा उम्मेदवारले जितेको खण्डमा विदेशीको कठपुतली सरकार बन्नेछ भनेर अनर्गल प्रचार गरिरहेका छन्। विदेशी हस्तक्षेपको नारा बनाएर भोट माग्ने चलन नेपालमा मात्र होइन, अन्य देशहरूमा पनि छ। तर अब यो अस्त्र काम लाग्दैन, नयाँ पुस्ताले धेरै कुरा बुझिसकेका छन् । ठुला राष्ट्रहरूलाई गाली गरेर न त राष्ट्रियता जोगिन्छ, न त भोट पाइन्छ। सत्य के हो भने नकारात्मक बोलीले परिणाम पनि नकारात्मक नै ल्याउँछ। बोल्दा परराष्ट्र नीतिको पनि ख्याल गर्नुपर्छ । कतै उग्र राष्ट्रवादको बोलीले नेपाली जनताले दुःख नपाउन् । एक जना राजनीतिक विश्लेषकले भन्नुभएको थियो–उग्र राष्ट्रवादको नाराले देशलाई दुर्गीतितिर लैजान सक्छ।
आज नेपाली जनताले विश्व राजनीति राम्रोसँग बुझिरहेका छन्। शक्तिशाली राष्ट्रका राष्ट्रपति देशैबाट गायब हुने अवस्था छ, गाजा भूमि नक्साबाट मेटिने अवस्थामा पुगेको छ, ग्रीनल्यान्ड कब्जा गर्ने कुरा उठिरहेको छ, युक्रेन र ताइवानलाई आफ्नो अस्तित्व जोगाउन गाह्रो भइरहेको छ। इरानमा हजारौं प्रदर्शनकारी मारिएका छन् र उसमाथि आक्रमणको चेतावनी आइरहेको छ। यस्तो अवस्थामा सामाजिक सञ्जालमा शक्तिशाली मित्र राष्ट्रहरूविरुद्ध उत्तेजक पोस्ट र भाषण गरेर राष्ट्रियता जोगिँदैन।
यदि साँच्चै विदेशी हस्तक्षेप भएको हो भने, प्रत्येक चुनावी आमसभामा कुन-कुन शक्ति राष्ट्रले हाम्रो आन्तरिक मामिलामा खेलिरहेका छन्, जनतालाई यी राष्ट्रहरूको नामै किटेर भनिदिनु पर्‍यो। त्यसपछि जनताले तपाईं सच्चा राष्ट्रवादी भए नभएको मूल्याङ्कन गर्नेछन् ।
इतिहास हेरौं–राजा त्रिभुवनलाई भारतले ल्याएर सिंहासनमा राखेको थियो। स्वतन्त्र नेपाललाई विश्व मानचित्रमा मजबुत बनाउन अमेरिकाले सहयोग गरेको थियो। गणतन्त्र ल्याउन १२ बुँदे सम्झौता दिल्लीमा भयो। सशस्त्र द्वन्द्वकालमा माओवादी नेताहरू भारतमा सुरक्षित थिए। नाकाबन्दीका बेला चीनले सहयोग गर्‍यो। सरकार बनाउने र भत्काउने बेला उत्तर र दक्षिण दुवैतर्फ हाम्रा नेताहरूको भ्रमण नेपाली जनताले देखेकै छन् । यी सबै विदेशी हस्तक्षेप थिए कि मित्रराष्ट्रहरूको सहयोग? सद्भाव वा रणनीतिक सम्बन्ध?
हामीजस्तो कमजोर राष्ट्रका लागि वार्ता, संवाद, सद्भाव र सहयोग नै सबैभन्दा प्रभावकारी अस्त्र हुन्। राष्ट्रियता जोगाउन सन्तुलित परराष्ट्र नीति आवश्यक छ। सामाजिक सञ्जालमा लेखेर न त राष्ट्रवादी भइन्छ, न त राष्ट्रियता नै जोगिन्छ–यो त केवल आक्रोश पोख्ने र मित्र राष्ट्रहरूलाई उत्तेजित गर्ने रणनीति मात्र हो ।
जेनजी विद्रोहको दिन दिल्लीमा भारतीय राष्ट्रिय सुरक्षा परिषद्को बैठक बस्यो। यसलाई हाम्रा राजनीतिक विश्लेषकहरूले अर्थपूर्ण रूपमा व्याख्या गरे। त्यसको केही दिनपछि एक भूतपूर्व नेपाली सैनिक जर्नलले नेपाल भारतका लागि मभाभलकषखभ कतबतभ हो भन्दै, भारतले आफ्नो राष्ट्रिय सुरक्षामा खतरा देखे जे पनि गर्न सक्छ भनेका थिए। अर्कोतिर विश्व बैंक, संयुक्त राष्ट्रसंघ, विश्व स्वास्थ्य संगठन, युनिसेफ, युरोपियन युनियन, अन्तर्राष्ट्रिय अदालतलगायत थुप्रै अन्तर्राष्ट्रिय संस्थामा अमेरिकाको प्रभुत्व छ। यस्तो अवस्थामा अमेरिकालाई चिढाएर “सुखी नेपाली, समृद्ध नेपाल” कसरी सम्भव हुन्छ ?
विदेशी राष्ट्रको नामै नलिई विदेशी हस्तक्षेप भयो भनेर प्रपोगाण्डा गर्नु चुनावअघिको हताश मनोविज्ञानको द्योतक हो। यसले बाल्यकालमा पढेको एउटा कथाको सम्झना दिलाउँछ–एउटा चलाक स्याल राति बाघ आयो, बाघ आयो, भनेर, कराउँथ्यो र त्यो सुनी गाउँलेहरू सबै घरभित्र लुकेर बस्थे। बाघको डर देखाएर स्यालले कुखुरा चोरेर लान्थ्यो। यो प्रक्रिया नियमित चलिरहेको थियो तर एक दिन साँच्चै बाघ आयो र स्यालले बाघ आयो भनेर मद्दत माग्दा, उसलाई बचाउन कोही आएनन् । पुराना पार्टीहरूले पनि वर्षौंसम्म राष्ट्रियताको खतरा, लोकतन्त्र अपहरण र विदेशी हस्तक्षेप को डर देखाएर देश लुटे। अहिले साँच्चै नयाँ शक्तिहरू बाघका रूपमा उदाइरहेका छन्।
चुनाव अन्तिम चरणमा पुग्दासमेत केही समूहहरू चुनाव टार्ने प्रयासमा संसद् पुनर्स्थापनाको कुरा उठाइरहेका छन्, अदालतमा दबाब र मिडिया ट्रायल गरिरहेका छन्। अर्कोतर्फ चुनावपछि बन्ने सरकारको सम्भावित संरचनाले केही समूहहरूलाई असहज बनाएको छ र ती समूहहरू पनि चुनाव भाड्न लागिपरेका छन्।
वर्षातमा आएको पानीको भल रोक्न खोज्दा किनारलाई समेत भत्काएर लग्दछ भने जस्तै चुनावको जनलहरलाई रोक्न खोज्दा विद्रोहको ज्वारभाटा निस्किन सक्छ।
मानिस जन्मिएपछि बाँच्नुपर्छ, सुरक्षित हुनुपर्छ, अनुशासित जीवन बिताउनुपर्छ र अन्ततः समाजको विश्वास र प्रतिष्ठा कमाउनुपर्छ। पुराना केही नेताहरूले विश्वास गुमाइसकेको अवस्थामा, नयाँ शक्तिमाथि र नयाँ नेतृत्वमाथि जति आरोप लगाए पनि जनता झन् झन् उनीहरूकै पक्षमा ढाल बनेर उभिइरहेका छन्।
अन्त्यमा पार्टीहरूलाई यत्ति भन्न चाहन्छु–एउटा चुनाव हार्दैमा आकाश खस्दैन, प्रजातन्त्र समाप्त हुँदैन, देश सकिँदैन। नानीमैयाँ दाहाल, प्रचण्ड र केपी ओलीका पार्टीहरूले पनि विभिन्न समयमा जनताको बहुमत पाए कै हुन्। त्यसैले यो असहज घडीमा सबै मिलेर निष्पक्ष चुनाव सम्पन्न गरौं र परिणाम स्वीकार गर्ने परिपक्वता देखाऔं। यसैमा देश, जनता र लोकतन्त्रको कल्याण हुनेछ। रातोपाटीबाट

### अस्पतालको रकम खातामा जम्मा नगरी ड्वाम

# पूर्वप्रमुखसहित १० जनाविरुद्ध मुद्दा




झापा । प्रादेशिक अस्पताल सिरहामा बिरामीबाट सङ्कलन भएको रकममध्ये ३८ लाख ७७ हजार ७२४ सरकारी खातामा जम्मा नगरी आपसी मिलेमतोमा भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मंगलवार विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

अस्पतालको ओपिडीलगायत विभिन्न काउन्टरबाट सङ्कलन भएको राजस्व रकम सरकारी ढुकुटीमा दाखिला नगरी कर्मचारीहरूले व्यक्तिगत प्रयोगमा ल्याएको अनुसन्धानबाट पुष्टि भएपछि आयोगले दुई पूर्वअस्पताल प्रमुखसहित १० जनाविरुद्ध मुद्दा चलाएको हो।

अख्तियारका अनुसार आर्थिक वर्ष २०८०र०८१ मा अस्पतालका आठवटा बिल काउन्टरबाट कूल तीन करोड ८७ लाख ६६ हजार ९७४ सङ्कलन भएको सफ्टवेयरमा देखिएको थियो तर, अस्पतालको आधिकारिक अभिलेखमा भने तीन करोड ४८ लाख ८९ हजार २५० मात्र दाखिला भएको पाइयो।

सफ्टवेयरमा देखिएको र बैंकमा जम्मा गरिएको रकमबीचको ३८ लाख ७७ हजार ७२४ कर्मचारीहरूले बदनियतपूर्वक हिनामिना गरेको आयोगले जनाएको छ।

अस्पतालका तत्कालीन प्रमुखहरू डा नागेन्द्रप्रसाद यादव र डा सरोज यादवले सफ्टवेयरमार्फत दैनिक आम्दानीको विवरण हेर्न सक्ने अधिकार भए पनि रकम कम जम्मा भएको जानकारी हुँदाहुँदै मौन बसेर अन्य कर्मचारीलाई भ्रष्टाचारमा सघाएको अख्तियारको दावी छ।

यस प्रकरणमा आयोगले अस्पतालका तत्कालीन प्रमुखद्वय डा नागेन्द्र र डा सरोज, तत्कालीन प्रशासन प्रमुख अशोककुमार सिंह र तत्कालीन लेखा प्रमुख अशोककुमार यादवलाई जनही ३८ लाख ७७ हजार ७२४ बिगो कायम गरी विपक्षी बनाएको छ।

त्यस्तै, बिल काउन्टरमा कार्यरत अहेब श्यामकुमार मण्डललाई २५ लाख ४७ हजार ४१७, सहायक कर्मचारीहरू सरस्वतीकुमारी यादवलाई पाँच लाख दुई हजार ८१३, अजयकुमार मण्डललाई तीन लाख ७९ हजार २१, पूजाकुमारी यादवलाई दुई लाख ८८ हजार २२९ र रोशनकुमार यादवलाई एक लाख ६४ हजार ६५९ बिगो कायम गरी मुद्दा दायर गरिएको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार यस भ्रष्टाचार प्रकरणमा संलग्न तत्कालीन लेखा प्रमुख रत्नप्रसाद मण्डलको मृत्यु भइसकेको भए पनि सरकारी बिगो असुल गर्ने प्रयोजनका लागि उनकी श्रीमती मुस्कानकुमारी मण्डललाई प्रतिवादी बनाइएको छ।

मृतक मण्डलको हकमा फौजदारी कसुरको कैद सजाय मागदाबी लिन नमिल्ने भए तापनि भ्रष्टाचार निवारण ऐन र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाअनुसार हानिनोक्सानी भएको ३८ लाख ७७ हजार ७२४ उनको हक खाने श्रीमतीबाट असुल गर्न माग गरिएको छ।

# यूएईविरुद्ध नेपाल सात विकेटले विजयी

काठमाडौँ । आइसिसी टी-२० विश्वकप क्रिकेटको पहिलो अभ्यास खेलमा नेपालले यूएईमाथि सात विकेटको जित निकालेको छ ।

नेपालका उपकप्तान दीपेन्द्र सिंह ऐरी र आरिफ शेखले उत्कृष्ट साझेदारी गरे । दुवै ब्याट्सम्यानले नटआउट अर्धशतक बनाएका हुन् । दीपेन्द्रले ३१ बलमा ५० रन बनाए भने आरिफले ३७ बलमा ६१ रन जोडे ।




१४६ रनको लक्ष्य पछ्याएको नेपालले १७ ओभरको समाप्तिमा तीन विकेटको क्षतिमा १४८ रन बनाएको हो ।

भारतको चेन्नईस्थित एमए चिदम्बरम स्टेडियममा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको यूएईले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा एक सय ४५ रन बनाएको थियो ।

युएईका लागि सोएब खानले ३८ रन बनाए । यस्तै हर्सिद कौशिकले ३५, आर्सन शर्मा २५, मोहमद जोएब १९ र अलिशान सरफुले १२ रन बनाए ।

बलिङमा नेपालका करण केसी र सन्दीप लामिछानेले दुई दुई तथा दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए । नेपालले आफ्नो दोस्रो तथा अन्तिम अभ्यास खेल बिहिबार क्यानडासँग खेल्नेछ।

# सामाजिक सञ्जालसम्बन्धी विधेयक फिर्ता लिने सरकारको निर्णय

काठमाडौँ । सरकारले सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ संघीय संसद्बाट फिर्ता लिन स्वीकृत प्रदान गरेको छ।

निर्माणाधीन संसद भवन परिसरमा जेनजी आन्दोलनका शहीदहरूको शालिक निर्माण गर्ने गरी सिंहदरबार परिसरको गुरुयोजनाको संशोधन गर्न स्वीकृत दिने निर्णय पनि गरेको छ।



मंगलवार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गरेको गृहमन्त्री एवं सरकारका प्रवक्ता ओमप्रकाश अर्यालले जानकारी दिए।

उक्त विधेयक १५ माघ २०८१ मा राष्ट्रियसभामा दर्ता भएको भए पनि आलोचना र विवादको कारण अघि बढ्न सकेको थिएन।

प्रवक्ता अर्यालकाअनुसार बैठकले बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने, 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ संघीय संसदबाट फिर्ता लिन स्वीकृति प्रदान गर्ने निर्णय गरियो। निर्माणाधीन संसद भवन परिसरमा जेनजी आन्दोलनका शहीदहरुको शालिक निर्माण गर्नेगरी सिंहदरबार परिसरको गुरुयोजना संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो।'

# निपाह भाइरसको जोखिम कति ?

काठमाडौँ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले पछिल्लो समय भारतमा देखिएको निपाह भाइरसको सङ्क्रमण र यसको जोखिमबारे नयाँ विश्लेषण सार्वजनिक गरेको छ। जनावरबाट मानिसमा सर्ने यो दुर्लभ र खतरनाक भाइरसका कारण ४० देखि ७५ प्रतिशतसम्म बिरामीको मृत्यु हुनसक्ने भए पनि यसका विरुद्ध अहिलेसम्म कुनै आधिकारिक खोप वा उपचार उपलब्ध छैन।

मुख्यतः फलफूल खाने चमेरो (फ्रुट ब्याट) बाट सर्ने यो भाइरस भारतका विभिन्न राज्यहरूमा मौसमी रूपमा देखिँदै आएको छ। भारतको पश्चिम बंगालमा यो तेस्रो पटक देखिएको हो भने सन् २०१८ यता केरला राज्यमा पटक-पटक यसका लहरहरू देखिएका छन्।

डब्लुएचओका अनुसार भारतमा विशेष गरी काँचो खजुरको रस सेवन गर्ने र चमेराको चहलपहल बढी हुने डिसेम्बरदेखि मे महिनासम्म यसको जोखिम उच्च रहन्छ। सुरुवाती लक्षणहरू सामान्य हुने भएकाले समयमै रोग पहिचान गर्न कठिन हुनु र विशिष्ट औषधि नहुनुले यसको जोखिमलाई थप चुनौतीपूर्ण बनाएको छ।

भारतमा सङ्क्रमण देखिए पनि नेपाल लगायतका छिमेकी मुलुकहरूका लागि भने डब्लुएचओले यसको क्षेत्रीय जोखिम न्यून रहेको जनाएको छ। अहिलेसम्म यो भाइरस सीमा पार गरेर अर्को देशमा पुगेको आधिकारिक तथ्य फेला परेको छैन।

यद्यपि, चमेराहरूको ओहोरदोहोर हुने साझा प्राकृतिक करिडोर र विगतको संक्रमणको इतिहासका कारण जोखिम भने पूर्ण रूपमा टरेको छैन। मानिसबाट मानिसमा समेत सर्न सक्ने यो भाइरस अस्पताल वा घरमा बिरामीको हेरचाह गर्दा र उनीहरूको शारीरिक तरल पदार्थको सम्पर्कमा आउँदा फैलन सक्ने भएकाले सतर्कता अपनाउन आवश्यक देखिन्छ।



हालसम्म भारतबाहिर यो सङ्क्रमण नफैलिएका कारण विश्वव्यापी रूपमा यसको जोखिम न्यून रहेको मूल्याङ्कन गरिएको छ। भारतले आफ्ना केन्द्रीय र राज्यस्तरका द्रुत प्रतिकार्य टोलीहरू (आरआरटी) मार्फत सङ्क्रमण नियन्त्रण र परीक्षण क्षमतामा सुधार गरेकाले पनि क्षेत्रीय स्तरमा ठूलो खतरा नदेखिएको डब्लुएचओको ठहर छ।

तैपनि प्रारम्भिक निदानमा हुने ढिलाइले प्रकोप नियन्त्रणमा बाधा पुऱ्याउन सक्ने भएकाले स्वास्थ्य संस्थाहरूमा सङ्क्रमण रोकथामका उपायहरू कडाइका साथ लागू गर्न सुझाइएको छ।

# कांग्रेसले निर्वाचनका लागि खटायो नेता

काठमाडौँ । दोस्रो विशेष महाधिवेशनपछि नेतृत्व परिवर्तन गरेको नेपाली कांग्रेसले प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै सातै प्रदेशमा केन्द्रीय प्रतिनिधि खटाएको छ ।

कांग्रेसले फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा रहेको 'निर्वाचन परिचालन समिति' मार्फत सातै प्रदेशमा पार्टीको अवस्था बुझ्न नेतालाई खटाएको हो ।कांग्रेस प्रवक्ता देवराज चालिसेका अनुसार पार्टीले तोकेका केन्द्रीय प्रतिनिधिले सम्बन्धित प्रदेशभित्रका जिल्लामा पार्टीको अवस्था बुझ्ने र आवश्यक विषयमा केन्द्रीय तहमा समन्वय गर्ने छन् ।



उहाँका अनुसार कांग्रेसले कोशी प्रदेशका ताप्लेजुङ, इलाम, पाँचथर र झापा जिल्लामा सहमहामन्त्री डा. डीला संग्रौलालाई खटाएको छ । कोशीमा संग्रौलासँगै निवर्तमान सहमहामन्त्री भीष्मराज आङ्देम्बे, सुधीरकुमार शिवाकोटी र सुरेश सुब्बा छन् । कोशीका संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरीमा नेता अमृत अर्याल, मीन विश्वकर्मा, तारामान गुरुङ र उमेशजङ्ग रायमाझी खटिएका छन्। यस्तै सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सिराहा र सप्तरीमा वसन्त भट्टराई, नगेन्द्र कुमाल, प्रमिला राई र धर्म नेपाली दर्जी खटिएका छन्।

यसैगरी बागमती प्रदेशका धादिङ, रसुवा, नुवाकोट र काठमाडौँका लागि बहादुर सिंह लामाको नेतृत्वमा डा. केदारनरसिंह केसी, राजेन्द्रकुमार केसी, प्रतिमा गौतम, जीतनारायण श्रेष्ठ र डा. अमिता प्रधानलाई जिम्मेवारी दिइएको छ । यस्तै काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर र मकवानपुरमा जीपछिरिङ लामा, हरिशरण नेपाली, उर्मिला थपलिया, उमा दाहाल र गीता सत्याललाई खटाइएको छ । भक्तपुर, दोलखा, रामेछाप, सिन्धुपाल्चोक र चितवनमा अर्जुननरसिंह केसी, दीलमान पाखिन, धना खतिवडा, मधुराप्रसाद घिमिरे र धर्मराज गौतम खटिएका छन् ।

गण्डकी प्रदेशको पर्वत, म्याग्दी, मुस्ताङ र बागलुङका लागि चीनकाजी श्रेष्ठ, मनकुमारी गुरुङ, कृष्णबहादुर केसी र चिनु पोखरेल खटिएका छन् । यस्तै स्याङ्जा, कास्की, मनाङ र नवलपुरका लागि ध्रुव वाग्ले, जगदीशचन्द्र उपाध्याय, मनकुमारी गुरुङ र किरणराज शर्मा पौडेल खटिएका छन् । गोरखा, लमजुङ र तनहुँका लागि अब्दुल सत्तार, रेशम बानियाँ, शारदा पौडेल र सरस्वती अर्याल तिवारी खटिएका छन् ।

लुम्बिनी प्रदेशको रूपन्देही, पाल्पा, नवलपरासी र गुल्मीका लागि डा. गोपाल दहित, गहेन्द्र गिरी, प्रदीप शर्मा र राजेन्द्रगोपाल सिंहले जिम्मेवारी पाउँदा कपिलवस्तु, अर्घाखाँची, रुकुम पूर्व, प्युठान र रोल्पाका लागि कृष्णकिशोर घिमिरे, मैकुलाल वाल्मीकि, छन्दबहादुर पहराई र केशव आचार्य खटिएका छन् । दाङ, बाँके र बर्दियाका लागि चन्द्रबहादुर केसी, कमलप्रसाद भुसाल, राधेश्याम पाठक र रङ्गमती शाहीले निर्वाचनको जिम्मेवारी पाउका छन् ।

सुदूरपश्चिम प्रदेशको कञ्चनपुर, बैतडी, दार्चुला र बझाङका लागि हिमबहादुर रावल, निपा चोख्पाल र विद्यादेवी तिमिल्सिनालाई चुनावी कमान्डर बनाइएको छ भने कैलाली र डडेलधुराका लागि जगतप्रसाद जोशी, सुनिता राना, डा. रणबहादुर रावल र नृपबहादुर वड खटिएका छन् । डोटी, अछाम र बाजुराका लागि नरेन्द्र भट्ट, सम्झना खत्री र सुशीला मिश्र भट्ट खटिएको कांग्रेस निर्वाचन परिचालन समितिले जनाएको छ।

# समानुपातिक उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन

काठमाडौँ । फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन भएको छ ।

आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले समानुपातिक निर्वाचन अधिकृतको कार्यालयमा ६३ राजनीतिक दलबाट ५७ निर्वाचन चिन्हमा कायम भएका कुल तीन हजार एक सय ३५ उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गरिएको जानकारी दिए ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ को उपदफा (६) र प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम १६ को उपनियम (२) बमोजिम सो बन्दसूची प्रकाशन भएको उनको भनाइ छ ।




निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त विवरण अनुसार प्रकाशित बन्दसूचीमा एक हजार सात सय ७२ महिला र एक हजार ३६३ पुरुष उम्मेदवार रहेका छन्। अन्तिम बन्दसूचीको विस्तृत विवरण आयोगको वेबसाइटमा राखिएको आयोगले जनाएको छ ।

## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ